फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड-४ | संख्याः ८ | २०७७।०७।०७।०३ |
| --- | --- | --- |

**भाग-२**

**फुङलिङ नगरपालिका**

**“फुङलिङ नगरपालिका एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७”**



**कार्यपालिका बैठकबाट पारित मितिः २०७७।०६।३०**

## फुङलिङ नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

फुङलिङ नगरपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुंचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुंच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी फुङलिङ नगरपालिकाले यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम “ फुङलिङ नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७” रहेको छ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः–

(क) “एम्बुलेन्स ” भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) “नगरपालिका” भन्नाले फुङलिङ नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) “सेवाशुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
| --- | --- |
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) नगर कार्यपालिकाका सदस्यहरु मध्ये २ जना | सदस्य |

(ङ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, फुङलिङ                सदस्य

(ङ) नगरपालिकाका नगर स्वास्थ्य शाखा प्रमुख                सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम   हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्ला एम्बुलेन्स भाडा दररेट मापदण्डको आधारमा एम्बुलेन्स सेवाको भाडा निर्धारण गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु वीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ)चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य–सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५ सेवा शुल्क सम्बन्धी व्यवस्थाः  (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको  रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखीने छ ।



(४) सेवा दिएवापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगवुक राख्नु पर्ने छ । लग वुग भर्ने जिम्मेवारी एवुलेन्स चालकको रहनेछ भने  सोको प्रमाणीत गर्ने जिम्मेवारी प्रमुख प्रशाकीय अधिकृतको हुनेछ ।

६ चालकको नियुक्ती र सेवा सुविधाः (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. ५ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

(४ चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

७ एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भारः (१) एम्बुलेन्स फुङलिङ नगरपालिका कार्यालयको हातामा रहनेछ ।

(२) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

८ विविधः (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

९ संशोधनः यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूचि – १

### (निर्देशिकाको दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

नगरपालिकाबाट एम्बुलेन्स प्रयोग गर्न देहाय अनुसारको सेवा शुल्क बुझाउनु पर्ने छः-

१ नगरपालिकाबाट एम्बुलेन्स सेवा प्राप्त गर्दा निम्नानुसारका व्यक्ति, समुहका बिरामीले जिल्ला भाडा दर रेट निर्धारण समितिले एम्बुलेन्स सेवाका लागि निर्धारण गरेको भाडा दर रेटमा निम्न बमोजिम छुट सहित निम्नानुसारको एम्बुलेन्स प्रयोग शुल्क वुझाउनु पर्नेछ ।

क) नगरपालिका भित्रका सबै एम्बुलेन्स प्रयोगकर्ता सेवाग्राहीले जिल्ला भाडा दररेटमा देहाय अनुसार ५% कम शुल्क बुझाउनु पर्ने । यसका लागि सेवाग्राहीले मतदाता परिचयपत्र वा नागरिकता वा वसाइ सराइको परमाण पत्र पेश गर्नु पर्नेछ ।

ख) नगरपालिका भित्रका देहायका व्यक्ति वा समुहले जिल्ला भाडा दररेटमा देहाय अनुसार २५% कम शुल्क बुझाउनु पर्ने र सो का लागि निम्न बमोजिमको कागजात पेश गर्नु पर्ने ।

(१) बालबालिका : जन्मदर्ता पर्माणपत्र वा Birth Certificate

(२) गर्भवति तथा सुत्केरि : गर्भ जाँचको कार्ड ।

(३) जेष्ठ नागरिक ६० बर्ष माथिका : नागरिकता वा जेष्ठ नागरिक परिचयपत्र वा सामाजिक सुरक्षा भत्ता कार्ड ।

(४) अपाङ्गता भएका व्यक्ति : क, ख, र ग बर्गको अपाङ्गता परिचयपत्र ।

| क्र.स. | स्थान | जिल्ला भाडा दर निर्धारण समिति बाट निर्धारित शुल्क | ५% छुट पछि खुद बुझाउनु पर्ने शुल्क | २५% छुट पछि खुद बुझाउनु पर्ने शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ्ग बजार क्षेत्र भित्र अस्पतालसम्म | ४००। | ३८०। | ३००। | |
| २. | पानिट्याङ्कि, शान्ति प्रावि, भानु मावि, सुकेटार , घोडेचौर बाट अस्पतालसम्म | ५००। | ४७५। | ३७५। | |
| ३. | याङ्लिजुङ्ग, किरात चोक, तिनबरे बाट अस्पताल | ७००। | ६६५। | ५२५। | |
| ४. | बाहान्नदे, हिटि, हाङदेवा सैसलेबाट अस्पतालसम्म | ८००। | ७६०। | ६००। | |
| ५. | नाम्ले पाटी सेसम्वु आसाङपाटीबाट अस्पतालसम्म | १०००। | ९५०। | ७५०। | |
| ६. | मेवाखा, हाङदेवागाईगोडेबाट अस्पतालसम्म | १२००। | ११४०। | ९००। | |
| ७. | गुप्ते, सिम्ले, पालुंवा चोक, कावेलि, बेजम्बु काभ्रे हुदै नाङखोल्याङ्ग कालिका माविबाट अस्पतालसम्म | १४००। | १३३०। | १०५०। | |
| ८. | छरछरे, पानिसार, च्यानडाडा, थुम्मा माथिल्लो बाटोबाट अस्पतालसम्म | १६००। | १५२०। | १२००। | |
| ९. | देउरालि, सिंहपुर पाचँथरबाट अस्पतालसम्म | १८००। | १७९०। | १३५०। | |
| १०. | भालुचौक पाचँथर, हाङदेवा बारीधाप, कामिडाडासम्म । | २०००। | १९००। | १५००। | |
| ११. | कामिडाडा हुदै कालिका मा.वि. नाङखोल्याङबाट अस्पताल सम्म र फुङलिङबाट पाचँथर गणेश चौकसम्म । | २२००। | २०९०। | १६५०। | |
| १२. | गडीडाडा, काप्लेपाटी, थर्पु,गोपेटार पाचथरबाट अस्पतालसम्म । | २५००। | २३७५। | १८७५। | |
| १३. | हाङ्द्रुङ, दोभान,थेचम्बु,जोरपोखरी पाचँथर, फावाखोला लाली तेम्वेवा, याफ्रे, मित्लुङ, कालिका मा.वि. तिरिङगे तलबाट अस्पतालसम्म | ३०००। | २८५०। | २२५०। | |
| १४. | सुलुम्फी सान्थाक्राबाट अस्पताल सम्म | ३५००। | ३३२५। | २६२५। | |
| १५. | थुम्वेदिनको चिउरी गोलाई, सिवा, मयाम दाहालगाउँ, फावाखोला सिम्बु मा.वि. , तिरीङ्गे, तिरतिरे, हाङद्रुङ हुदै छरछरेबाट खोक्लिङ देखि अस्पतालसम्म । | ४०००। | ३८००। | ३०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | सिनामपंचमी, खेजेनिम,लिङखिम मानेडाडा, थुम्मेदिन, लिवाङ( छरछरे) बाट अस्पतालसम्म । | ४५००। | ४२७५। | ३३७५। | |
| १७. | सिनाम डाडागाउँ, डुम्रिसे,लिङखिम माझगाउँ, हाङपाङ, तेल्लाबुङबाट अस्पताल र पाचथर फिदिमसम्म । | ५०००। | ४७५०। | ३७५०। | |
| १८. | लिङतेप, खक्लिङ( हाङद्रुङ हुदै जान) बाट अस्पतालसम्म | ५५००। | ५२२५। | ४१२५। | |
| १९. | आम्वेगुदिन खाम्दिने,लिङखिमको तावा, फुलबारी, खार्ते, थुकीमा, तेम्बेबाट अस्पतालसम्म । | ६०००। | ५७००। | ४५००। | |
| २०. | निघुरादिन,साघु, हप्पुखोला, लिवाङ हान्द्रुङ देखदि अस्पतालसम्म । | ७०००। | ६६५०। | ५२५०। | |
| २१. | थिवा देखि अस्पतालसम्म । | ७५००। | ७१२५। | ५६२५। | |
| २२. | छिरुवा, तेल्लोकबाट अस्पतालसम्म । | ८०००। | ७६००। | ६०००। | |
| २३. | ताप्लेजुङ देखि ईलामसम्म | ८५००। | ८०७५। | ६३७५। | |
| २४. | तापेथोक बगरबाट अस्पतालसम्म | ९०००। | ८५५०। | ६७५०। | |
| २५. | रानिपुलबाट अस्पतालसम्म र ताप्लेजुङबाट पशुपति नगरसम्म | १०५००। | ९९७५। | ७८७५। | |
| २६. | विर्तामोडसम्म | १२०००। | ११४००। | ९०००। | |
| २७. | काँकरभिट्टा भद्रपुरसम्म | १२५००। | ११८७५। | ९३७५। | |
| २८. | दमकसम्म | १३०००। | १२३५०। | ९७५०। | |
| २९. | ईटहरीसम्म | १४५००। | १३७७५। | १०८७५। | |
| ३०. | धरान, विराटनगरसम्म | १५०००। | १४२५०। | ११२५०। | |
| ३१. | ताप्लेजुङ देखि साँघु हुदै धरानसम्म | १५०००। | १४२५०। | ११२५०। | |

२. अति विपन्न, असहाय तथा अशक्त व्यक्तिहरुका लागि समितिको निर्णय अनुसार एम्वुलेन्स सेवा निशुल्क रुपमा उपलब्ध गराउन सकिने छ ।

३. शुल्क सम्वन्धी थप घट एवं संशोधन जिल्ला एम्वुलेन्स भाडा दर रेट निर्धारण अनुरुप समितिको सिफारीसमा कार्यपालिकाले गर्ने छ ।



## अनुसूची - २

**(निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)**

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिताः–**

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७ लाई पूर्णरुपमा पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफू व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ........................................... (नाम) ........................................................ ठेगाना ................................. ना.प्र.प.नं. ......................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ....................................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ताप्लेजुङ्ग जिल्ला फुङलिङ नगरपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको दस्तखतः रोहबरमा प्रमाणित गर्ने व्यक्तिको

मितिः नाम/पदः

दस्तखतः

संस्थाको छापः

## अनुसूची-३
## (निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

“ग” वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

१. First Aid का सामानहरु,
२. Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
३. IV Injection दिन सक्ने व्यवस्था,
४. Stretcher Cum Board,
५. Stethoscopes, B.P. Apparatus, Torchlight,
६. Driver With basic training in first aid and emergent medicine